सर्वोच्च अदालत, संवैधानिक इजलास

सम्माननीय प्रधान न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठ

माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल

माननीय न्यायाधीश श्री प्रकाश कुमार ढुंगाना

माननीय न्यायाधीश श्री कुमार रेग्मी

माननीय न्यायाधीश डा. श्री मनोजकुमार शर्मा

आदेश

०७४-WC-००४७ (०७८-FN-०९९३)

विषयः <u>उत्प्रेषण परमादेशसमेत।</u>

पाँचथर जिल्ला याङवरक गाउँपालिका (साविक थर्पू गा.वि.स. वडा नं. २) वडा नं. ४ घर भई हाल भक्तपुर जिल्ला सूर्यविनायक नगरपालिका वडा नं. ४ बस्ने अधिवक्ता कृष्णप्रसाद कटुवालको वारेस भई आफ्नो हकमा समेत रामेछाप जिल्ला मन्थली नगरपालिका वडा नं. १२, गेलु बस्ने अधिवक्ता नानी बाबु खत्री .....१ — निवेदक

विरूद्ध

नेपाल सरकार मन्त्रिपरिषद्, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौं १

नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं .....१ — विपक्षी

नेपाल सरकार, कानून न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार, काठमाडौं.....१

नेपालको संविधानको धारा १३३ समेत बमोजिम यस अदालतको क्षेत्राधिकार अन्तर्गत संवैधानिक दायरीमा दर्ता भएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यस प्रकार रहेको छः-

<u>संक्षिप्त तथ्य</u>

१. सर्वोच्च अदालतका न्यायाधीश, संवैधानिक पदाधिकारी, उच्च अदालतका र जिल्ला अदालतका न्यायाधीशहरुको मर्यादाक्रमको विषयमा मिति २०७४।१०।२६ गते गृह मन्त्रालयद्वारा सूचना प्रकाशित भएको छ। उक्त सूचनामा विगतमा कायम रहेको मर्यादाक्रम

भंग भई संवैधानिक निकायका पदाधिकारीका अतिरिक्त समग्र न्यायपालिका तथा संवैधानिक पदहरुको मर्यादामाथि आँच आउने गरी व्यवस्थापन भएको छ। सो सूचनालाई सच्याई पाउँ भनी मिति २०७४।११।२१ मा गृह मन्त्रालयको कार्यालयमा निवेदन दिँदा दर्ता समेत नगरेकोले यो रिट निवेदन लिई हामी निवेदकहरु उपस्थित भएका छौं। विगतमा दिइरहको सेवा सुविधा तथा मान मर्यादामा हुर्मत लिने गरी विगतमा प्रदान गरिएको स्थान भन्दा तल्लो दर्जा कायम गरिएको छ। नेपाल सरकारबाट निर्धारण गरेको मर्यादाक्रममा सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालतका न्यायाधीशहरुको मर्यादाक्रम घटाईएको छ। पूर्व न्यायाधीशहरुको मर्यादाक्रम निर्धारण समेत भएको छैन। यसरी मिति २०७४।१०।२६ गते नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयलाई गृह मन्त्रालयले जारी गरेको मर्यादाक्रम सम्बन्धी सूचना संविधान एवं कानूनी प्रावधानको प्रतिकूल भएकाले सो निर्णय नेपाल राजपत्रमा प्रकाशित भएको मिति २०७४।१०।२६ बाट नै अमान्य घोषित गरी पाउँ। उक्त मितिमा प्रकाशित मर्यादाक्रमको सूचना उत्प्रेषणको आदेशले बदर गरी न्यायाधीशहरुको र संवैधानिक निकायका प्रमुखहरु समेतको मर्यादाक्रम राष्ट्रिय तथा अन्तराष्ट्रिय मान्यता तथा संवैधानिक एवं कानूनी प्रावधान बमोजिम मिलाई पुनः मर्यादाक्रम सम्बन्धी व्यवस्था गर्नका लागि कार्यपालिका, न्यायपालिका तथा व्यवस्थापिका समेतका प्रतिनिधिहरु राखी बहालवाला तथा पूर्व न्यायाधीशहरु समेतको मर्यादाक्रमको व्यवस्था हुने गरी नियमावली तयार गरी पुनः सूचना जारी गर्नू गराउनू भनी विपक्षीहरुका नाममा परमादेश लगायंतका उपयुक्त आदेश जारी गरी पाउँ। साथै उक्त व्यवस्था नहुन्जेलसम्म मिति २०७४।१०।२६ मा मर्यादाक्रम सम्बन्धी नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयलाई गृह मन्त्रालयबाट प्रकाशित मर्यादाक्रमको सूचनालाई कार्यान्वयन नगर्नू नगराउनू भनी विपक्षीहरुका नाममा अन्तरिम आदेशसमेत जारी गरी पाउँ भन्ने समेत बेहोराको अधिवक्ता नानी बाबु खत्री समेतको निवेदन।

२. यसमा के कसो भएको हो? निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो? आदेश जारी हुनु नपर्ने कानूनबमोजिमको आधार, कारण भए सो समेत साथै राखी यो आदेश प्राप्त भएको मितिले बाटाको म्याद बाहेक ७ दिन भित्र महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखित जवाफ पेश गर्नु भनी यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी विपक्षीहरुका नाममा सूचना म्याद जारी गरी लिखित जवाफ प्राप्त भएपछि वा अवधि नाघेपछि नियमबमोजिम पेस गर्नू भन्नेसमेत बेहोराको यस अदालतबाट मिति २०७४।१२।२३ मा भएको आदेश।

३. मुलुकमा बिशिष्ट योगदान दिनु भएका वा दिनु हुने महानुभावहरुको मर्यादाक्रमलाई व्यवस्थित गर्ने भन्ने विषय कार्यकारिणी क्षेत्राधिकारको विषय हो। साथै के कस्तो पदको व्यक्तिलाई कस्तो मर्यादक्रममा राख्ने भन्ने विषय सम्मानीत अदालतबाट निरुपण हुने वा

विवेचना हुने विषयसमेत होइन। कानून संविधानसँग बाझिएको छ भन्ने जिकिर लिने पक्षले सो कुरा स्पष्ट किसिमले प्रमाणित गर्नुपर्छ। सामान्य मानिसले त्यसरी बुझ्न सक्दैन भने त्यसलाई बाझिएको भनेर अदालतले बलपूर्वक व्याख्या गर्दैन। उक्त प्रतिपादित सिद्धान्त समेतका आधारमा प्रस्तुत रिट निवेदन खारेजभागी छ खारेज गरी पाउँ भन्नेसमेत बेहोराको नेपाल सरकार, मन्त्रिपरिषद्को लिखित जवाफ।

४. नेपाल सरकारले जारी गरेको मर्यादाक्रम नेपाल सरकारको प्रशासनिक काम कारवाहीलाई व्यवस्थित गर्नेसम्मको विषय हो। मर्यादाक्रमले कुनै नेपाली नागरिकको मौलिक तथा संवैधानिक हकलाई बन्देज लगाएको छैन। मर्यादाक्रमको निर्धारणले रिट निवेदकको कुनै हक अधिकार हनन् नभएको तथा मर्यादाक्रममा अधिवक्ताको सूची पनि नरहेको विषयमा निवेदकको सारभूत सरोकार र सार्थक सम्बन्ध नदेखिएकोले रिट निवेदकको हकदैया नभएकोले रिट निवेदन औचित्यहीन छ भन्नेसमेत बेहोराको कानून न्याय तथा संसदीय मामिला मन्त्रालयको लिखित जवाफ।

५. संघीय संरचना अनुसारको शासन व्यवस्था अंगिकार गरेको परिवर्तित सन्दर्भमा सबै क्षेत्रलाई समेट्ने गरी प्रचलनमा रहेको विभिन्न महानुभावहरुको मर्यादाक्रमलाई समयानुकुल परिमार्जन गर्नका लागि गृह मन्त्रालयका सहसचिवको संयोजकत्वमा विभिन्न सरोकारवाला निकाय र क्षेत्रका प्रतिनिधिहरुको समिति गठन गरी उक्त समितिले गरेको सिफारिस अनुसार नेपाल सरकार, गृह मन्त्रालयको नं.९।१४५-०७४।१०।१५ को प्रस्ताव मं.प.वै.सं. ५१।०७४ मिति २०७४।१०।१५ मा मन्त्रीपरिषद्ले स्वीकृत गरी मर्यादाक्रम निर्धारण गरिएको हो। विपक्षीले भने जस्तो हचुवाको भरमा मर्यादाक्रम निर्धारण गरिएको होइन। नेपाल सरकार कार्यविभाजन नियमावली, २०७४ बमोजिम कुनै पनि मन्त्रालयको कार्य क्षेत्रभित्र नपरेका विषयहरु गृह मन्त्रालयको कार्य क्षेत्रभित्र पर्ने र मर्यादाक्रम निर्धारण गर्ने कार्य नेपाल सरकारको एकलौटी कार्यक्षेत्र भित्र पर्ने विषय भएकोले नेपाल सरकारले गरेको निर्णयलाई अन्यथा भन्न मिल्ने होइन। प्रस्तुत सन्दर्भमा वस्तुनिष्ठ आधार र कारण बिना हचुवाको भरमा यस मन्त्रालय समेतलाई विपक्षी बनाई दायर भएको विपक्षीको रिट निवेदन खारेजभागी हुँदा खारेज गरी पाउँ भन्नेसमेत बेहोराको नेपाल सरकार, गृह मन्त्रालयको लिखित जवाफ।

६. नेपाल सरकारद्वारा मिति २०७४।१०।२६ गते र मिति २०७६।०१।१६ गते नेपाल राजपत्रमा प्रकाशित मर्यादाक्रम सम्बन्धी सूचना पुनरावलोकन गरी मिति २०६९।११।१४ गते नेपाल राजपत्रमा प्रकाशित मर्यादाक्रम सम्बन्धी सूचना अनुकूल हुने गरी पुनः राष्ट्रिय व्यक्तित्वहरुको मर्यादाक्रम निर्धारण गरी प्रकाशन गर्नु गराउनु भनी विपक्षीहरुको नाममा उत्प्रेषण, परमादेश लगायत जो चाहिने आज्ञा आदेश जारी गरी पाउन

सर्वोच्च अदालत नियमावली, २०७४ को नियम १५ बमोजिम यो पुरक निवेदन पेश गरेको छु भन्नेसमेत ब्यहोराको अधिवक्ता नानीबाबु खत्री समेतको पुरक निवेदन।

आदेश खण्ड

७. नियमबमोजिम पेसी सूचीमा चढी निर्णयार्थ इजलाससमक्ष पेस हुन आएको प्रस्तुत रिट निवेदन लगायतका मिसिल संलग्न कागजातहरु अध्ययन गरी हेरियो।

८. निवेदक नानी बाबु खत्रीसमेतलाई पटक-पटक ईजलासबाट पुकार गर्न लगाउदा समेत निज वा निजको तर्फबाट कानून बमोजिमको प्रतिनिधि पनि इजलास समक्ष उपस्थित हुनु भएन।

९. प्रत्यर्थी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतको तर्फबाट उपस्थित विद्वान सह-न्यायाधिवक्ता श्री गोविन्द खनालले निवेदकहरुले नेपाल सरकार गृह मन्त्रालयको मिति २०७४।१०।२६ र मिति २०७६।०१।१६ मा जारी भएको मर्यादाक्रमको विषयलाई लिई प्रस्तुत रिट दायर गरेका छन्। नेपाल सरकार कार्यविभाजन नियमावली, २०७४ बमोजिम गृह मन्त्रालयलाई निर्धारण भएको कार्य क्षेत्रको अधिनमा रही गृह मन्त्रालयले मन्त्रिपरिषद् समेतबाट स्वीकृत भएको मर्यादाक्रमलाई राजपत्रमा प्रकाशन गरेको हो। संघीय संरचनालाई अङ्गिकार गर्नका निम्ति कानून बमोजिम विपक्षीहरुले मिति २०७४।१०।२६ र मिति २०७६।०१।१६ मा राजपत्रमा प्रकाशन गरेको मर्यादाक्रम संवैधानिक व्यवस्थाको प्रतिकुल नहुँदा सो सूचना बदर हुनुपर्ने होइन रिट निवेदन खारेज गरी पाउँ भनी बहस गर्नु भयो।

१०. यसमा विगतमा रहेको मर्यादाक्रमलाई भंग गरी न्यायपालिका तथा संवैधानिक निकायको पदाधिकारीहरु समेतको मर्यादामा आँच आउने गरी विपक्षी नेपाल सरकार गृह मन्त्रालयबाट मिति २०७४।१०।२६ मा मर्यादाक्रम सम्बन्धी सूचना प्रकाशन भएको हुँदा सो मर्यादाक्रम सम्बन्धी मन्त्रिपरिषद्को निर्णय तथा मिति २०७४।१०।२६ र मिति २०७६।०१।१६ को सूचना बदर गरी संविधान अनुकुल राष्ट्रिय अन्तराष्ट्रिय मान्यता बमोजिम बहालवाला तथा पूर्व न्यायाधीश समेतको मर्यादाक्रमको व्यवस्था हुने गरी नियमावली तयार गरी पुनः सूचना जारी गर्नू गराउनू भनी विपक्षीहरुका नाममा परमादेश लगायत उपयुक्त आदेश जारी गरी पाउँ भनी प्रस्तुत रिट निवेदन पर्न आएको देखियो। रिट निवेदकले नेपाल सरकारद्वारा मिति २०७४।१०।२६ गते र मिति २०७६।०१।१६ गते नेपाल राजपत्रमा प्रकाशित मर्यादाक्रम सम्बन्धी सूचना पुनरावलोकन गरी मिति २०६९।११।१४ गते नेपाल राजपत्रमा प्रकाशित मर्यादाक्रम सम्बन्धी सूचना अनुकूल हुने गरी पुनः राष्ट्रिय व्यक्तित्वहरुको मर्यादाक्रम निर्धारण गरी प्रकाशन गर्नु गराउनु भनी मिति २०७६।१०।१६ मा पुरक निवेदन दिएको देखियो। मर्यादाक्रम सम्बन्धी विषय कार्यकारिणी क्षेत्राधिकार भित्र पर्ने र अदालतले निरुपण गर्ने विषय यो होइन भन्ने नेपाल

सरकार मन्त्रिपरिषद्को, मर्यादाक्रम निर्धारणले कुनै पनि व्यक्तिको हकमा असर नगर्ने हुँदा निवेदकलई रिट निवेदन दायर गर्ने क्षेत्राधिकार नरहेको भन्ने कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको देखिन्छ। यस्तो विषयको कार्यक्षेत्र नेपाल सरकार कार्यविभाजन नियमावली, २०७४ बमोजिम गृह मन्त्रालयको रहेकोमा सो बमोजिम नै मन्त्रिपरिषद्द्वारा स्वीकृत भएको मर्यादाक्रमको सूचना राजपत्रमा प्रकाशन भएको तथा सो निर्णय र सूचना संविधान विपरित नरहेको हुँदा रिट खारेज गरी पाउँ भन्ने गृह मन्त्रालयले लिखित जवाफ फिराएको देखियो।

११. उपरोक्त बमोजिम मर्यादाक्रम हेरफेर हुने गरी प्रत्यर्थीहरुबाट भएको निर्णय तथा सो बमोजिम मिति २०७४।१०।२६ र मिति २०७६।०१।१६ मा प्रकाशन भएको सूचना उत्प्रेषणको आदेशले बदर गरी पुनः मर्यादाक्रम निर्धारण गरी प्रकाशन गर्नु भनी परमादेश लगायतको उपयुक्त आदेश जारी गरी पाउँ भन्ने मूल विषय रहेको प्रस्तुत रिट निवेदनमा निवेदकको मागबमोजिम आदेश जारी हुनुपर्ने हो, होइन? सोही सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो।

१२. निर्णयतर्फ विचार गर्दा, प्रस्तुत रिट निवेदनको विषयवस्तुसँग रिट निवेदकको हकदैया नभएको भनी प्रत्यर्थी मध्ये कानून न्याय तथा संसदीय मामिला मन्त्रालयको लिखित जवाफमा उल्लेख भएको देखिन्छ। मर्यादाक्रम निर्धारणको विषय सार्वजनिक सरोकारको विषय भएको भनी रिट निवेदन दिएको देखिन्छ। यसरी हकदैया सम्बन्धी प्रश्न उठेको सन्दर्भमा पहिले सोको निक्यौंल गरेर मात्र निवेदनको मूल विषय वस्तुमा प्रवेश गर्न उपयुक्त हुने देखियो। सार्वजनिक सरोकारका सम्बन्धमा, नेपालको संविधानको धारा १३३ को उपधारा (२) ले " यस संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनका लागि वा अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए पनि त्यस्तो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अन्य कुनै कानूनी हकको प्रचलनका लागि वा सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै संवैधानिक वा कानूनी प्रश्नको निरुपणका लागि आवश्यक र उपयुक्त आदेश जारी गर्ने, उचित उपचार प्रदान गर्ने, त्यस्तो हकको प्रचलन गराउने वा विवाद टुंगो लगाउने असाधारण अधिकार सर्वोच्च अदालतलाई हुने" भन्ने व्यवस्था गरेको पाइन्छ। संविधानको उक्त व्यवस्थालाई कार्यान्वयन गराउन को-कसले निवेदन दिनसक्ने भन्ने सम्बन्धमा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३२(ख) ले "सार्वजनिक हक वा सरोकार भएको कुनै संवैधानिक वा कानूनी प्रश्नको निरुपणको लागि संविधानको धारा १३३ को उपधारा (२) अन्तर्गत दिइने निवेदन त्यस्तो विषयमा सार्थक सम्बन्ध र तात्विक सरोकार भएको व्यक्तिले निवेदन दिन सक्ने" भन्ने व्यवस्था गरेको पाईन्छ। त्यस्तै सार्वजनिक सरोकारका विषयको हकदैया सम्बन्धमा यस अदालतले राधेश्याम अधिकारी विरुद्ध मन्त्रिपरिषद् सचिवालय समेत भएको मुद्दामा

सार्वजनिक हक वा सरोकारको विवाद भन्नाले कुनै खास व्यक्ति वा व्यक्तिहरुको व्यक्तिगत हक वा सरोकारमा मात्र सीमित भएको विवाद नभएर नेपाल अधिराज्यका सर्वसाधारण जनता वा कुनै जनसमुदायको सामूहिक हक वा सरोकारसंग सम्बन्धित भएको विवादको बोध हुन्छ । कुनै विवांद सार्वजनिक हक वा सरोकारको हो वा होइन भन्ने कुराको निर्णय त्यो विवाद सर्वसाधारण जनताको वा कुनै जनसमुदायको सामूहिक हक वा सरोकारसंग सम्बन्धित छ वा कुनै खास व्यक्ति वा व्यक्तिहरुको हक वा सरोकारसंग सम्बन्धित छ भन्ने आधारमा गर्नु पर्ने हुन्छ[1] भनी सार्वजनिक सरोकारको विवादको परिभाषा गरेको पाइन्छ। राज्यलक्ष्मी गोल्छासमेत विरूद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत भएको मुद्दामा विवादको स्वभाव, प्रकृति वा चरित्रका आधारमा त्यस विवादलाई सार्वजनिक विवाद हो वा व्यक्तिगत विवाद हो भनी छुट्याउनु पर्दछ। सामान्यतयाः देशको सुरक्षा, शासन व्यवस्था, सामाजिक शान्ति, जनसाधारणको शिक्षा, स्वास्थ्य र नैतिकता, देशको आर्थिक अवस्था, साँस्कृतिक वा धार्मिक विषय, सामाजिक न्याय, वातावरणीय न्याय आदि विविध विषयहरू सन्दर्भअनुसार सार्वजनिक हित वा सरोकारको विषय बन्ने गर्दछन्। वस्तुतः सार्वजनिक हित वा सरोकारको विषय वा क्षेत्र यति नै हो भनेर सूचिकृत गर्न सकिँदैन। यो प्रत्येक विवादको तथ्यगत सन्दर्भमा (Case to Case basis) निरूपण गरिने विषय देखिन्छ। तथापि अदालतबाट निरूपण गरिने सार्वजनिक सरोकारको विवादको अर्थ लगाउँदा संविधान वा कानूनद्वारा प्रदत हक अधिकारको सापेक्षतामा अर्थ लगाइनु पर्ने[2] भनी सार्वजनिक सरोकारको विषयलाई व्यापक बनाएको पाइन्छ।

१३. प्रस्तुत रिट निवेदन राष्ट्रिय जीवनमा रहेका विभिन्न व्यक्तिहरुको मर्यादाक्रमको विषय उठाई सार्वजनिक विषयसँग सार्थक सम्बन्ध र तात्विक सरोकार रहेको छ वा छैन तथा रिट निवेदकले उठाएको विषय सार्वजनिक हक वा सरोकारको हो वा होइन? भन्ने कुरा हेर्नुपर्ने हुन्छ। राज्यले राज्य संयन्त्रमा आवद्ध रहेको व्यक्तिहरुको जिम्मेवारी र भूमिकाका आधारमा विभिन्न पदहरुको सिर्जना गरिएको हुन्छ। सो पदीय आधारमा नै मर्यादाक्रम निर्धारण भएको हुन्छ। यस्तो पदीय जिम्मेवारी बोकेका व्यक्तिहरुले विभिन्न तहमा राष्ट्रको प्रतिनिधित्व गर्ने भएकोले पदीय मर्यादाक्रमसँग प्रत्यक्षरुपमा राष्ट्रको पहिचान र गरीमा समेत जोडिएर रहेको हुन्छ। यस अर्थमा पदीय मर्यादाक्रम निर्धारण हुँदा विवेकसंगत र तर्कसंगत रुपमा गरिन्छ भन्ने नागरिकको वैधानिक अपेक्षा स्वभाविक रुपमा नै रहन्छ। यसरी सामान्य रुपमा हेर्दा पनि नागरिकको वैधानिक अपेक्षासँग सम्बन्धित राष्ट्रको सम्मान,

[1] ने.का.. ०४८, अंक १२, नि.न. ४४३०
[2] ने.का.प. २०७३, अंक ९, नि.न. ९६८६

गौरव र सार्वजनिक पदको मर्यादासँग गाँसिएको विवादमा आम नागरिकको सार्थक सम्बन्ध र तात्विक सरोकार रहेको छैन भन्न मिल्ने देखिदैन।

१४. प्रस्तुत रिट निवेदनमा न्यायपालिकाका न्यायाधीश समेतका पदाधिकारीहरुको मर्यादाक्रमको सवाल उठाएको छ। कानून व्यवसायीहरू समाजको कानूनी संरचना र न्यायिक प्रक्रियाका महत्त्वपूर्ण अंगका रुपमा रहेको हुन्छ र उनीहरूको न्यायिक प्रणालीसँग प्रत्यक्ष संलग्नता रहने गर्दछ। यस सन्दर्भमा, न्यायपालिकाका न्यायाधीशहरुको मर्यादाक्रम जस्तो संवेदनशील विषयमा प्रश्न उठाउनु कानून व्यवसायीहरूको पेशागत जिम्मेवारी भित्र पर्न आउने देखिन्छ। न्यायिक प्रणालीमा संलग्न कानून व्यवसायीहरूले केवल कानूनी सेवामा सीमित नभई सामाजिक अभियन्ताको (social engineer) रूपमा पनि भूमिका निर्वाह गर्ने हुँदा सार्वजनिक हित र सरोकारको विषयमा निजहरुले उचित प्रतिनिधित्व गर्न सक्दछन् भन्ने आम विश्वास रहेको देखिन्छ। यसरी सार्वजनिक सरोकारको विषयको संवैधानिक तथा कानूनी व्यवस्था र हाम्रो न्यायिक अभ्यासको रोहमा हेर्दा, प्रस्तुत रिट निवेदन दायर गर्न निवेदकको हकदैया रहेको देखिंदा हकदैया नरहेको भन्ने विपक्षीको जिकिर मनासिव हुने देखिएन।

१५. प्रस्तुत रिट निवेदन राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा रहेका व्यक्तिहरुको पदीय मर्यादाक्रमसँग सम्बन्धित रहेको हुँदा प्रथमतः मर्यादाक्रमको अर्थ र औचित्यताको बारेमा केही चर्चा गर्न सान्दर्भिक हुने देखियो। मर्यादाक्रम भन्नाले पदाधिकारीहरुको मान मर्यादा तथा शिष्टताको तह वा सो अनुसारको क्रम हो[३]। मर्यादाक्रम औपचारिक कार्यक्रम, समारोह र आधिकारिक प्रोटोकलहरूमा व्यक्तिहरू, पदहरू, वा सो सार्वजनिक पदमा वहाल रहेका वा पद निवृत्त भएका व्यक्तिहरूको सापेक्ष क्रम वा श्रेणी निर्धारण गर्ने एक प्रकारको सूची हो। यस क्रमले राष्ट्रिय व्यक्तित्वहरूलाई उनीहरूको पद, उपाधि, वा कार्यालय अनुसार कसरी बसाल्ने, परिचय गराउने, वा सम्मान गर्ने क्रम निर्धारण गर्छ। विशेष गरि मर्यादाक्रमले सर्वेभन्दा उच्च पद (जस्तै राष्ट्रप्रमुख) देखि तल्लो दर्जाका अधिकारीहरू वा विगतमा सो पदमा रहेका व्यक्तिहरूसम्मको श्रेणीबद्धता वा क्रमलाई निर्धारण गर्दछ। यसले औपचारिक कार्यक्रमहरूलाई स्थापित प्रथा परम्परा अनुसार सञ्चालन गर्न सुनिश्चितता प्रदान गर्छ र प्रत्येक राष्ट्रिय व्यक्तित्वको स्थानलाई सम्मानजनक तरिकाले हेर्दछ। राज्यले राष्ट्रिय व्यक्तित्वहरुको लागि निर्धारण गरेको मर्यादाक्रमले राज्यले निर्धारण गरेको दायित्व तथा जिम्मेवारी पूरा गर्न, औपचारिक कार्यक्रम वा बैठकमा अनुशासन कायम गर्न, अन्योल उत्पन्न हुन नदिन, उच्च दर्जाका राष्ट्रिय पदहरूको गरिमा र स्थानको सम्मान सुरक्षित गर्नको लागि स्पष्ट र संरचित दृष्टिकोण प्रदान गर्ने गर्दछ। मर्यादाक्रमले राष्ट्रिय जीवनमा आवद्ध रहेका व्यक्तिहरु बीच अनुशासित एवम् मर्यादित सम्बन्ध कायम राख्नका निम्ति महत्त्वपूर्ण भूमिका खेल्ने हुनाले संवैधानिक एवं कानूनी दायित्वसमेतका आधारमा

[३] प्रज्ञा नेपाली वृहत शब्दकोष

मर्यादाक्रम निर्धारण गर्नाले राष्ट्रको गरिमालाई नै बल पुऱ्याउने हुँदा कुनै व्यक्तिको इच्छा आकांक्षासंग मात्र यसको सरोकार रहेको अर्थ गर्न मिल्ने देखिदैन।

१६. अब मर्यादाक्रम निर्धारण गर्ने क्षेत्राधिकार कार्यपालिकाको हो, होइन तथा यस सम्बन्धमा के कस्ता कानूनी व्यवस्थाहरू रहेका छन् भनी हेर्नुपर्ने देखियो। यस सम्बन्धमा नेपाल सरकार कार्यविभाजन नियमावली, २०७४ को नियम ५ को उपनियम (१) मा **मन्त्रालयबाट सम्पादन हुने कार्यको विभाजन अनुसूची-२ मा उल्लेख भए बमोजिम हुनेछ** भनी ऐ. को अनुसूची-२ मा गृह मन्त्रालयको कार्यक्षेत्रको ५१ नं. मा **अन्य मन्त्रालयको कार्य विभाजनमा नपरेको विषय** भनी उल्लेख गरेको पाइन्छ। नेपालको संविधानको धारा ८२(१) मा **नेपाल सरकारबाट स्वीकृत नियमावली बमोजिम नेपाल सरकारको कार्य विभाजन र कार्य सम्पादन हुनेछ** भनी व्यवस्था गरेको पाइन्छ। उपर्युक्त संवैधानिक व्यवस्थाको रोहमा अन्य कानूनले मर्यादाक्रमको विषयलाई प्रष्ट रुपमा नसमेटेको देखिंदा नेपाल सरकार कार्यविभाजन नियमावली, २०७४ बमोजिम मर्यादाक्रम सम्बन्धी कार्यक्षेत्र कार्यपालिकाको रहेको भन्ने प्रत्यर्थीको जिकिरलाई अन्यथा मान्नुपर्ने देखिदैन।

१७. यसरी मर्यादाक्रम निर्धारण गर्ने कार्य कार्यपालिका कै अधिकारक्षेत्र भित्र रहने कानूनी व्यवस्था रहेको देखिन्छ। कार्यपालिकाले राष्ट्रिय व्यक्तित्वहरुको मर्यादाक्रम निर्धारण गर्दा स्वेच्छाचारी रुपमा नभई ठोस आधार, कारण तथा औचित्य पुष्टी हुने गरी विवेक सम्मत रुपमा गर्नु पर्दछ। कुनै पनि देशले राष्ट्रिय व्यक्तित्वहरूको मर्यादाक्रम निर्धारण गर्दा मूलतः त्यस देशले अपनाउने शासन व्यवस्था, त्यस देशको ऐतिहासिक परम्परा र सांस्कृतिक अभ्यासहरूमा निर्धारित हुने गरेको हुँदा देशहरु पिच्छे मार्यदाक्रमको क्रम फरक हुन सक्दछ। तथापि प्रजातान्त्रिक, संसदीय र संवैधानिक प्रणाली बोकेको देशहरूमा मर्यादाक्रम निर्धारण गर्दा लोकतन्त्र, शक्ति पृथकीकरण, न्यायिक स्वतन्त्रता, देशको परम्परा तथा औपचारीक भूमिकाका आधारमा हुने गरेको पाइन्छ। अझ जनताको न्यायको आस्थाको केन्द्र रहेको न्यायपालिकालाई प्रतिनिधित्व गर्ने न्यायाधीशहरुको मर्यादाक्रम निर्धारण गर्दा राज्य अति संवेदनशिल हुनु आवश्यक देखिन्छ।

१८. यस रिट निवेदनमा उठाइएको विवादको विषय मूलतः न्यायाधीशको मर्यादाक्रमसंग सम्बन्धित रहेको र मर्यादाक्रम निर्धारण गर्ने कार्य कार्यपालिका कै क्षेत्राधिकार रहेकोमा कुनै दुविधा नरहे पनि कार्यपालिकाले न्यायपालिकालाई प्रतिनिधित्व गर्ने न्यायाधीशहरुको मर्यादाक्रम निर्धारण गर्दा के कुन आधारमा गरिनु पर्दछ भन्ने बारे केही विश्लेषण गर्न उपयुक्त हुने देखियो। लोकतान्त्रित मुलुकहरुमा न्यायपालिका, विधायिका र कार्यकारी अंगहरू स्वतन्त्र रूपमा सञ्चालन हुने र एकअर्कामा सन्तुलन तथा नियन्त्रणको सिद्धान्त अनुसार कार्य गर्ने गर्दछ । मर्यादाक्रमको सूचीले राज्यका अंगहरू बीचको शक्तिको सन्तुलनलाई प्रतीकात्मक रूपमा प्रस्तुत गर्ने गर्दछ। उदाहरणका लागि, राष्ट्राध्यक्ष वा राष्ट्र

प्रमुख वा राष्ट्राध्यक्ष सहितको सरकार प्रमुखको मर्यादाक्रम सबैभन्दा माथिल्लो स्थानमा हुन्छ। संसदीय शासन व्यवस्था भएको हाम्रो मुलुकमा राष्ट्रपति, उपराष्ट्रपति पछि सरकार प्रमुख प्रधानमन्त्री क्रमशः उच्च तहमा रहने व्यवस्था स्थापित मान्यता बमोजिम नै रहेको पाइन्छ। तत्पश्चात न्यायालिका तथा व्यवस्थापिकाका उच्च अधिकारीहरुलाई महत्वपूर्ण स्थान दिइन्छ। यी तीन अंगहरुको राज्य सञ्चालनमा महत्त्वपूर्ण भूमिका रहने गर्दछ। यसमा पनि न्यायापालिकाको भूमिका अझै महत्त्वपूर्ण मानिन्छ। महत्त्वपूर्ण यस कारण मानिन्छ की कार्यकारी तथा अन्य संवैधानिक निकायले संविधान, कानून बमोजिम कार्य गरेका छन् वा छैनन् वा व्यवस्थापिकाले संविधान सम्मत ढंगले कानून निर्माण गरे नगरेको सम्बन्धमा न्यायिक पुनरावलोकन(Judicial Review) को अधिकार संविधानले नै यसलाई प्रदान गरेको हुँदा यस संस्थाको गरिमा कायम राखी लोकतान्त्रिक शासन व्यवस्थालाई मजबुत पार्न प्रधानन्यायाधीश तथा न्यायाधीशहरुको मर्यादाक्रमलाई सोही अनुरुप राखिनु पर्दछ। यसर्थ राज्यमा कानूनी शासनको परिपालना गर्न गराउन, संविधान, कानून तथा न्यायका मान्य सिद्धान्तको अवलम्वन गर्न तथा नागरिकको न्यायको अन्तिम विकल्प तथा आस्थाको रुपमा स्थापित रहको स्वायत्त तथा स्वतन्त्र संस्थालाई प्रतिनिधित्व गर्ने न्यायापालिकामा कार्यरत न्यायाधीशहरु तथा अन्य कर्मचारीहरुको मर्यादाक्रमलाई सम्मानपूर्ण मर्यादाक्रममा राख्दा हाम्रो शासन व्यवस्थाको गरिमालाई थप बल पुग्ने नै देखिन्छ। न्यायाधीशको मर्यादाक्रमले न्यायपालिकाको शासन संरचनाभित्रको भूमिकालाई पहिचान गर्ने, औपचारिक समारोह, राज्यका कार्यहरू, र अन्य महत्त्वपूर्ण कार्यक्रमहरूमा अन्य उच्च पदस्थ अधिकारीहरूसँगको तुलनात्मक रूपमा न्यायाधीशको मर्यादाक्रम निर्धारण भएमा नै न्यायपालिकाले राज्यको संरचनाभित्रको महत्त्वलाई अनुभूतिगरेको व्यवहारिकरुपमा प्रतिबिम्बित हुन्छ। न्यायाधीशको मर्यादाक्रमले न्यायिक पदको अधिकार र गरिमालाई पनि प्रतिबिम्बित गर्ने गर्दछ। न्यायपालिकाप्रतिको सार्वजनिक विश्वासलाई बढाउन पनि न्यायाधीशको मर्यादक्रमले आवश्यक भूमिका खेल्ने गर्दछ। यसबाट जनतालाई न्यायाधीशहरू सरकारको संरचनामा महत्त्वपूर्ण र सम्मानित स्थानमा छन् भन्ने सन्देश दिई न्यायिक पदको अधिकार र उच्च गरिमालाई सुरक्षित गर्ने कार्य गर्दछ। न्यायाधीशको उच्च मर्यादाक्रमले राज्यले न्यायाधीशको लागि निर्धारण गरेको जिम्मेवारी स्वतन्त्र रुपमा निर्वाह गर्न, निष्पक्ष र न्यायपूर्ण निर्णय गर्ने प्रक्रियामा यो स्वतन्त्र र महत्त्वपूर्ण रहेको छ भन्ने सन्देश दिन्छ। यसरी मर्यादाक्रम राज्य सञ्चालनको लागि महत्त्वपूर्ण औजारको रुपमा रहेको परिप्रेक्ष्यमा राष्ट्रिय व्यक्तित्वहरुको मर्यादाक्रम निर्धारण गर्दा राज्य संवेदनशिल भई विवेक तथा तर्कसंगत ढंगले गर्नु पर्दछ।

१९. नेपालको संविधानले न्यायाधीशलाई संवैधानिक पदको रुपमा व्यवस्था गरी न्यायाधीशको सेवा शर्त तथा सुविधा पनि संविधान र कानूनले नै निर्धारण गरेको पाईन्छ। नेपालको

संविधानले तीनै तहका अदालतहरुको अधिकारक्षेत्रको व्यवस्था गरेको अवस्थामा न्यायाधीशहरूको मर्यादाक्रम संविधान तथा कानूनले निर्दिष्ट गरेको अधिकार अनुसार व्यवस्थित हुन पर्दछ। न्यायाधीशहरूको मुख्य कार्य न्यायिक निर्णय गर्नु हो, जसले कानूनी विवादहरूलाई निष्पक्ष र वस्तुनिष्ठ तरिकामा समाधान गर्न मद्दत गर्दछ। न्यायिक स्वायत्तता र निष्पक्षता सुनिश्चित गर्न न्यायाधीशहरूलाई उच्च मर्यादाक्रम दिइने गरिन्छ, ताकि तिनीहरूले बाह्य दबाव वा प्रभावबाट मुक्त रहि स्वतन्त्र रुपमा न्याय सम्पादन गर्न सकियोस।

२०. यसै सन्दर्भमा, नेपाल सरकारले मिति २०७४।१०।२६, मिति २०७६।०१।१६ गते राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा रहेको महानुभावहरुको मर्यादाक्रम सम्बन्धी सूचना प्रकाशित गरेकोमा न्यायाधीशहरुको मर्यादाक्रम नमिलेको हुँदा मिलाउन सो मितिहरुमा प्रकाशित न्यायाधीशहरुको मर्यादाक्रम सम्बन्धमा वर्तमान तथा पूर्व न्यायाधीशहरुको संस्था, न्यायाधीश समाजले अध्ययन गरी प्रतिवेदन तयार पारि सो प्रतिवेदनले दिएको सुझाव कार्यान्वयनको लागि न्यायाधीश समाजले मिति २०७९।१२।१९ मा उक्त प्रतिवेदन यस अदालत तथा न्याय परिषद्लाई पठाएको पाइन्छ। सो प्रतिवेदन यस अदालतमा प्राप्त भए पश्चात मिति २०७९।१२।२२ मा बसेको यस अदालतको, पूर्ण वैठकले सो प्रतिवेदन कार्यान्वयनका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कानून न्याय तथा संसदीय मामिला मन्त्रालय, गृह मन्त्रालय र अर्थ मन्त्रालयलाई पठाउने निर्णय गरेको छ। प्रस्तुत रिट निवेदनमा उठाईएको विषयहरुको सन्दर्भमा सो प्रतिवेदनका केही अंशहरु सान्दर्भिक हुने भएकाले त्यसलाई याँहा उल्लेख गरिएको छ। उक्त निर्णयको औचित्य र कारणहरु देहाय बमोजिम रहेका छन्;

(क) प्रधान न्यायाधीश तथा सर्वोच्च अदालतका न्यायाधीशः विगतमा मिति २०१७।११।११, मिति २०२६।०८।१०, मिति २०३२।०९।०८, मिति २०४४।०१।०७ र मिति २०४८।०९।०१ मा कायम गरिएको मर्यादाक्रम र अपनाईएको मापदण्ड तथा नेपालको संविधानको व्यवस्था, मर्म एवं भावना अनुरुप प्रधानमन्त्री पछि प्रधान न्यायाधीश र मन्त्रीहरु सँगै सर्वोच्च अदालतका न्यायाधीशहरुको मर्यादाक्रम निर्धारण गर्न तर्कसंगत र सुसंगत हुने।

(ख) पूर्व प्रधान न्यायाधीश तथा सर्वोच्च अदालतका पूर्व न्यायाधीशको मर्यादाक्रमः नेपालका पूर्व प्रधानमन्त्रीको लागि निर्धारित मर्यादाक्रमको तत्काल पछि र सर्वोच्च अदालतका पूर्व प्रधान न्यायाधीश र नेपाल सरकारको पूर्व मन्त्रीको लागि निर्धारित मर्यादाक्रमको तत्काल पछि सर्वोच्च अदालतका पूर्व न्यायाधीशको मर्यादाक्रम कायम रहने गरी तोकिनु पर्ने।

(ग) उच्च अदालतका मुख्य न्यायाधीश र न्यायाधीशको मर्यादाक्रमः उच्च अदालतका मुख्य न्यायाधीशको र न्यायाधीशको पद संवैधानिक पद भएको, प्रदेश न्याय सेवा आयोगको अध्यक्ष मुख्य न्यायाधीश हुने र प्रदेश कानून मन्त्री सो आयोगको सदस्य हुने भएको हुँदा मर्यादाक्रम पनि सोही अनुसार कायम गर्नु आवश्यक भएको, प्रदेश लोक सेवा आयोगका प्रमुख र मुख्य न्यायाधिवक्ता लगायतका पदाधिकारीलाई सपथ गराउने जिम्मेवारी मुख्य न्यायाधीशमा रहेको, मुख्य सचिव तथा सचिवस्तरका पदाधिकारीहरु पनि उच्च अदालतको मुख्य न्यायाधीश र न्यायाधीशमा नियुक्त भै कार्यरत रहेको, उपरोक्त अनुसारको मर्यादाक्रम तोकिदा पद र जिम्मेवारी सापेक्ष हुने भएकोसमेत कारणबाट उच्च अदालतका मुख्य न्यायाधीश र न्यायाधीशको मर्यादाक्रम नेपाल सरकारको विशिष्ट श्रेणीका सबै पदनामका पदाधिकारीहरु भन्दा माथि अर्थात उच्च अदालतका मुख्य न्यायाधीशको मर्यादाक्रम प्रदेश सरकारका मुख्य मन्त्रीका लागि तोकिएको मर्यादाक्रमको तत्काल पछि र उच्च अदालतका न्यायाधीशको मर्यादाक्रम प्रदेश सरकारका मन्त्रीहरुका लागि निर्धारित मर्यादाक्रमको तत्कालपछि कायम रहने गरी तोकिनु वाञ्छनीय भएकाले।

(घ) जिल्ला अदालतका न्यायाधीशको मर्यादाक्रमः जिल्ला न्यायाधीश पद संवैधानिक पद रहेको, जिल्ला न्यायाधीश पदमा निजामती सेवाका सहसचिव तहबाट पनि नियुक्ति भई कार्यरत रहेको, जिल्ला समन्वय समितिको प्रमुख, महानगरपालिका लगायत स्थानीय तहका प्रमुखलाई सपथ गराउने कानूनी जिम्मेवारी जिल्ला न्यायाधीशमा रहेको, प्रमुख जिल्ला अधिकारी लगायत अर्ध न्यायिक निकायका प्रथम श्रेणीका पदाधिकारीहरुले गरेको निर्णय उपर पुनरावेदन सुन्ने जिम्मेवारी जिल्ला न्यायाधीशमा रहेको र कानूनमा रहेको प्रावधानका आधारमा जिल्ला न्यायाधीशहरुले पनि माननीय उपाधि प्राप्त गरेको समेतका सन्दर्भमा मर्यादाक्रमलाई तर्कसंगत र सुसंगत बनाउनु आवश्यक भएकाले।

२१. यसबाट मर्यादाक्रम निर्धारण गर्ने कार्य कार्यापलिकाको अधिकारक्षेत्र भित्र पर्ने भए पनि कार्यपालिकाले स्वेच्छाचारी रुपमा नभई राष्ट्रिय व्यक्तित्वहरुको मर्यादाक्रम निर्धारण गर्दा पदको गरिमा, राज्यले दिएको दायित्व र जिम्मेवारी, सार्वजनिक विश्वास र राष्ट्रको विगतका अभ्यासलाई ध्यानमा राख्न अत्यन्त आवश्यक हुन्छ। कार्यपालिकाले मर्यादाक्रमको निर्धारण गर्दा पारदर्शिता, तर्कसंगतता र निष्पक्षता अपनाउनु अनिवार्य हुन्छ। जसले राष्ट्रिय व्यक्तिको सामाजिक र सार्वजनिक भूमिका र जिम्मेवारीलाई सम्मानित गर्दै राष्ट्रको समग्र प्रणालीको स्थिरता र गरिमालाई कायम राख्न मद्दत पुऱ्याउँछ। त्यस्तै सार्वजनिक एवं प्रशासनिक प्रणालीमा सरकारी निकायहरु बीच असमंजस वा विवाद उत्पन्न हुने नदिनु पनि

मर्यादाक्रमको महत्त्वपूर्ण भूमिका हुने हुँदा कार्यपालिकाले मर्यादाक्रम निर्धारण गर्दा उल्लिखित आधारमा पारदर्शिता, तर्कसंगतता र निष्पक्षतापूर्वक गर्नुपर्ने हुन्छ ।

२२. अब, प्रस्तुत निवेदन माग बमोजिमको आदेश जारी हुनु पर्ने हो वा होइन भन्ने प्रश्न तर्फ विचार गर्दा गृह मन्त्रालयद्वारा मिति २०७४।१०।२६ र मिति २०७६।०१।१६ मा राजपत्रमा प्रकाशन भएको मर्यादाक्रम नेपाल सरकार कार्यविभाजन नियमावली, २०७४ ले व्यवस्था गरे अनुरुप मर्यादाक्रम निर्धारण सम्बन्धी निर्णय तथा राजपत्रमा सूचना सार्वजनिक गर्ने कार्य कार्यपालिकाको अधिकारक्षेत्र भित्र रहेको देखिएको अवस्थामा जनताको प्रतिनिधिबाट निर्मित सरकारद्वारा आफ्नो अख्तियारी बमोजिम कार्य भएको देखिएको, कानून बमोजिम तोकिएको अधिकारक्षेत्र भित्रको कार्य सम्पन्न गर्दा सोको प्रकृया निर्धारण गर्ने स्वायत्तता सम्बन्धित निकायलाई हुने नै देखिएको हुँदा निवेदकको माग बमोजिमको आदेश जारी गर्नुपर्नेसम्मको अवस्था विद्यमान रहेको देखिएन।

२३. माथि विवेचित आधार कारण समेतबाट मर्यादाक्रम निर्धारण सम्बन्धी कार्यक्षेत्र कार्यपालिकाको रहेको देखिंदा निवेदन माग बमोजिमको रिट जारी गरी रहन मनासिव देखिएन। तथापीः राष्ट्रिय व्यक्तित्वहरूको मर्यादाक्रम निर्धारण गर्ने कार्य अत्यन्त संवेदनशील र महत्त्वपूर्ण विषय भएको, यस्तो विषयको सम्बन्धमा निर्णय गर्दा संविधान र कानूनको प्रयोगको दृष्टिले पदिय सोपानको आधारमा मर्यादाक्रम निर्धारण हुन बान्छनीय रहेको र मर्यादाक्रमले राज्यका अङ्गहरूबीचको सम्मान, शक्ति सन्तुलन र संवैधानिक मर्यादा कायम राख्न मात्र होइन यी निकायहरु सँग समन्वय र सहयोगात्मक तथा सुमधुर सम्बन्ध स्थापित गर्न निर्णायक भूमिका खेल्ने देखिएको हुँदा मर्यादाक्रमको निर्धारण गर्दा राज्यले कुनै पनि प्रकारको पक्षपात, पूर्वाग्रह नराखी मर्यादाक्रम निर्धारण गर्नुपर्ने हुन्छ। अतः कार्यपालिकाले सबै तहका न्यायाधीशहरुको मर्यादाक्रमको विषयलाई संवेदनशील तथा गम्भीरतापूर्वक लिन जरुरी भएको हुँदा विपक्षीहरुका नाममा देहाय बमोजिमको निर्देशानात्मक आदेश जारी गरी दिएको छः-

(क) राज्यका अंगहरु कार्यपालिका, न्यायपालिका र व्यवस्थापिका तथा संवैधानिक अंगहरु समेतको शक्ति पृथकीकरणको सिद्धान्त तथा ती निकायहरुको स्वतन्त्रता एवं मर्यादालाई समेत ध्यानमा राखी मर्यादाक्रम निर्धारण गर्नू।

(ख) नेपालको संविधानले सबै अदालतमा रहने न्यायाधीशको पद संवैधानीक हुने व्यवस्था गरेको हुँदा नेपालको संविधानको मर्म तथा गरिमालाई समेत मध्यनजर गरी उपयुक्त मर्यादाक्रम निर्धारण गर्नू।

(ग) न्यायापालिकामा रहने प्रधान न्यायाधीश लगायत सर्वोच्च अदालतका न्यायधीश, उच्च र जिल्ला अदालतमा रहेका न्यायाधीशहरुको तथा पूर्व प्रधान न्यायाधीश र

न्यायाधीशहरुको मर्यादाक्रम निर्धारण गर्दा यो आदेशको प्रकरण २० मा उल्लिखित व्यहोरालाई मध्यनजर गरी गर्नू।

तपसिल खण्ड

१. प्रस्तुत रिट निवेदन जारी नहुने भएकोले निवेदकले यस अदालतमा र.नं. ३८६६ बाट मिति २०७४।११।२५ मा राखेको धरौटी रु. ५,०००।-(पाँच हजार) सर्वोच्च अदालत (संवैधानिक इजलास सञ्चालन) नियमावली, २०७२ को नियम १५ को उपनियम (३) बमोजिम सदरस्याहा हुने भएकोले उक्त रकम सदरस्याहा गर्नु भनी यस अदालतको आर्थिक प्रशासन शाखालाई जानकारी दिनू।

२. प्रस्तुत आदेशको प्रतिलिपी सहित जानकारीका लागि महान्यायाधिवक्ताको कार्यालयमा लेखी पठाई दिनू।

३. सरोकारवालाले प्रस्तुत आदेशको नक्कल माग गरे नियमानुसार दिनू।

४. प्रस्तुत आदेश यस अदालतको विद्युतीय प्रणालीमा प्रविष्टि गरी, निवेदन दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

(कुमार रेग्मी)
न्यायाधीश

उक्त रायमा सहमत छौं।

(मनोजकुमार शर्मा)
न्यायाधीश

(प्रकाश कुमार ढुंगाना)
न्यायाधीश

(सपना प्रधान मल्ल)
न्यायाधीश

(विश्वम्भरप्रसाद श्रेष्ठ)
प्रधान न्यायाधीश

इजलास अधिकृत : सदिक्षा राउत, शाखा अधिकृतः विकेश महर्जन
कम्प्युटर अपरेटर : हर्क माया राई
इति संवत् २०८१ साल असार १२ गते रोज ४ शुभम् .....।